# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत १८ गते २०६१ साल (अतिरिक्ताङ्क ६३


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६१ सालको अध्यादेश नं. ३६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: भूमिसम्बन्धी ऐन, २०२१ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "भूमिसम्बन्धी (छैठौं संशोधन) अध्यादेश, २०६१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. मा संशोधन** : भूमिसम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २६घ१. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको म्यादभित्र" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल ऐनको दफा २६घ३. मा संशोधन** : मूल ऐनको दफा २६घ३. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको म्यादभित्र" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल ऐनको दफा ५३ मा संशोधन:** मूल ऐनको दफा ५३ को उपदफा (१) मा रहेका "विशेष अदालत ऐन,२०३१ को दफा ४ र ६" भन्ने शब्दहरुको सट्टा "विशेष अदालत ऐन, २०५९ को दफा १०, ११ र १२" भन्ने शब्दहरु राखिएका छन्।

५. **बचाउ** : संवत् २०६१ साल असोज २० गते जारी भएको भूमिसम्बन्धी (छैठौं संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिने छ।

लालमोहर सदर मिति:- २०६१।१२।१८।५

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।